कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
# सामाजिक विकास कार्यालय
सल्यान

प.स:-२०८०/०८१
च.नः-

मितिः २०८०/११/१५

**छात्रवृत्तिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

उपरोक्त सम्बन्धमा यस कार्यालयको चालु आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका छात्रवृत्ति वितरण गरिने भएकोले तपसिलमा उल्लिखित छात्रवृत्ति प्राप्त गर्न एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८० मा उल्लिखित आधारहरु पुरा गरेका सल्यान जिल्लामा स्थायी ठेगाना भएका र कर्णाली प्रदेशमा विभिन्न विषय र तहमा अध्ययनरत विद्यार्थीहरुले यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन भित्र यस कार्यालयमा आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगेको वा म्याद नाघी आएको आवेदनमाथि कुनै कार्यवाही नहुने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | छात्रवृत्तिको नाम | छात्रवृत्ति प्रदान गरिने बिषय | कोटा | रकम |
|---|---|---|---|---|
| १. | प्रविधिक छोरीबुहारी छात्रवृत्ति | प्राविधिक विषय (स्वास्थ्य, कृषि, पशु विज्ञान, वन विज्ञान, इन्जिनियरिङ र सूचना प्रविधि) मा प्रमाणपत्र तह वा सो सरह | २० | ५० हजार |
| २. | उच्च शिक्षा अपांग छात्रवृत्ति | मान्यता प्राप्त सामुदायिक शिक्षण संस्थामा स्नातक वा स्नातकोत्तर तह अध्ययनरत | १० | २४ हजार |
| ३. | उच्च शिक्षा दलित छात्रवृत्ति | मान्यता प्राप्त सामुदायिक शिक्षण संस्थामा स्नातक वा स्नातकोत्तर तह अध्ययनरत | १० | २४ हजार |

**छात्रवृत्ति आवेदनसाथ पेश गर्नु पर्ने कागजातहरु**

**क. प्राविधिक छोरीबुहारी छात्रवृत्तिका लागि**

१. एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८० को अनुसूची-२ बमोजिमको आवेदन फाराम (sdosalyan.gov.np बाट डाउनलोड गर्न सकिने)
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । नागरिकता प्राप्त गर्न उमेर नपुगेका विद्यार्थीको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. बुहारीको हकमा विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
४. सम्बन्धित स्थानीय तहबाट स्थायी ठेगाना प्रमाणित कागजात ।
५. मान्यता प्राप्त सामुदायिक शिक्षण संस्थाबाट एस.इ.इ. वा एस.एल.सि. परीक्षा उत्तिर्ण भएको प्रमाणपत्र ।
६. नियमित रुपमा अध्ययनरत रहेको र शिक्षण शुल्क (ट्युसन शुल्क) बुझाएको व्यहोराको अध्ययनरत शैक्षिक संस्थाको सिफारिस पत्र ।
७. अध्ययनरत तहमा एक पटक पनि प्राविधिक छोरी बुहारी छात्रवृत्ति प्राप्त नगरेको र अन्य कुनै पनि निकायबाट छात्रवृत्ति वा निःशुल्क वृत्ति नपाएको व्यहोराको अध्ययनरत शैक्षिक संस्थाको सिफारिस पत्र ।
८. अपांगता भएको व्यक्तिको हकमा अपांगता प्रमाणपत्र ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
# सामाजिक विकास कार्यालय
सल्यान

९. दलित, सिमान्तकृत तथा लोपोन्मुख वर्गमा पर्ने समुदायको हकमा सम्वन्धित निकायबाट प्रमाणित गरेको पत्र
१०. बाबु, आमा वा दुबै नभएकाको हकमा मृत्यु दर्ता प्रमाणपत्र ।
११. आवेदकको व्यक्तिगत खाताको चेकको फोटोकपी ।

ख. उच्च शिक्षा अंपाग छात्रवृत्तिका लागि
१. एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८० को अनुसूची - १ बमोजिमको आवेदन फाराम (sdosalyan.gov.np बाट डाउनलोड गर्न सकिने)
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
३. सम्बन्धित निकायबाट जारी भएको अपाङ्गता सम्बन्धी प्रमाणपत्र ।
४. सम्बन्धित स्थानीय तहको स्थायी ठेगाना प्रमाणित कागजात ।
५. हाल नियमित रुपमा अध्ययनरत रहेको र अन्य कुनै निकायबाट छात्रवृत्ति नपाएको व्यहोराको अध्ययनरत शैक्षिक संस्थाको सिफारिस पत्र ।
६. हाल अध्ययनरत तहभन्दा तल्लो तहको शैक्षिक योग्यताका प्रमाणपत्रहरु ।
७. आवेदकको व्यक्तिगत खाताको चेकको फोटोकपी ।

ग. उच्च शिक्षा दलित छात्रवृत्तिका लागि
१. एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८० को अनुसूची -१ बमोजिमको आवेदन फाराम (sdosalyan.gov.np बाट डाउनलोड गर्न सकिने)
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
३. नेपाल सरकारबाट सूचिकृत भएकोमा सोही बमोजिम र सूचिकृत नभएको हकमा जिल्ला प्रशासन कार्यालयबाटको सिफारिस पत्र ।
४. सम्बन्धित स्थानीय तहको स्थायी ठेगाना प्रमाणित कागजात ।
५. हाल नियमित रुपमा अध्ययनरत रहेको र अन्य कुनै निकायबाट छात्रवृत्ति नपाएको व्यहोराको अध्ययनरत शैक्षिक संस्थाको सिफारिस पत्र ।
६. हाल अध्ययनरत तहभन्दा तल्लो तहको शैक्षिक योग्यताका प्रमाणपत्रहरु ।
७. आवेदकको व्यक्तिगत खाताको चेकको फोटोकपी

पुनश्च : सामुदायिक विद्यालयमा प्राविधक धारमा उच्च माध्यमिक तहमा अध्ययनरत विद्यार्थीले प्राविधिक छोरी बुहारी छात्रवृत्ति पाउने छैनन् । छात्रवृत्तिका लागि भर्नु पर्ने आवेदन फाराम तथा एकिकृत छात्रवृत्ति विवरण तथा व्यवस्थापन कार्यविधि, २०८० यस कार्यालयको वेवसाइट www.sdosalyan.gov.np बाट डाउनलोड गर्न सकिनेछ । यस सम्बन्धी थप जानकारीका लागि यस कार्यालयमा वा फोन नं. ९८५७८२४४३३ र ९८४८२२८७६३ मा सम्पर्क राख्न हुन जानकारी गराइन्छ ।

सामाजिक विकास अधिकृत